जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ६१ २०८१ साल असोज ११ गते शुक्रबार (27 Sep. 2024 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : चितवनलाई चिनाएको क्यान्सर... ३ पृष्ठमा : 'जनकपुरधाम-अयोध्या रेल्वे सेवा ... ३ पृष्ठमा बंगलादेशको परिवर्तनपछि.

## कोशीमा बस खसे लगत्तै सबैको सकुशल उद्दार

**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**

सप्तकोशी नदीमा बिहीबार साँझ ६ बजेतिर एक यात्रुबाहक बस खसेको छ ।

बिराटनगरबाट गाइघाटतर्फ जाँदै गरेको नरसिंह डिलक्स नाम गरेको को.१ख. ४६०१ नम्बरको यात्रुबाहक बस कोशी ब्यारेजको ढोका नं. ३४-३६ को नजिकैबाट नदीमा खसेको हो ।

बसमा १७ जना यात्रु सवार रहेको जनाइएको छ । सबै यात्रुलाई स्थानीयले



सकुशल उद्दार गरेका छन् ।

नदीमा पानीको वहाव कम रहेको तथा ब्यारेजमा साँझपख स्थानीयहरुको वाक्लो उपस्थिती रहेको कारणले सबै यात्रुको सकुशल उद्दार भएको जनाइएको छ ।

घटना विषयमा थप अनुसन्धान भइरहेको सप्तरीका प्रहरी प्रमुख गुजुसिद्धि बज्राचार्यले जानकारी दिए ।

यता स्थानीयका अनुसार बिहानैदेखी भइरहेको वर्षाका कारण अनियन्त्रित भइ बस नदीमा खस्न गएको हुन सक्ने जनाएका छन् ।

## लगातारको वर्षाले सप्तरीसहित ५६ जिल्ला उच्च जोखिममा



**"जिल्लाको खाँडो नदी, त्रियुगा नदी, कोशी नदी, जिता खोला, बलान नदी, महुली खोला, खडक खोला लगायतमा जलसतह बढ्न सक्ने सम्भावना रहेकोमा ती क्षेत्रका वासिन्दालाई आवश्यक सतर्कता अपनाउन स्थानीय प्रशासनले आग्रह गरेको छ ।"**

**दैनिक समाचारदाता**
**राजविराज, १० असोज ।**

बिहीबारदेखि देशभरै चार दिनसम्म लगातार वर्षा हुने भएको छ । वर्षाका कारण मधेश प्रदेशका सप्तरी, सिरहा र पर्सासहित ५६ जिल्ला उच्च जोखिममा रहेको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार विभिन्न ५३ जिल्लालाई रेड जोनमा रहेको छ । ती जिल्ला उच्च जोखिममा रहेको भन्दै विभागले विशेष सावधानी अपनाउन अनुरोध गरेको छ ।

महाशाखाका अनुसार मधेश प्रदेशका सप्तरी, सिरहा र पर्सा उच्च जोखिममा रहेका छन् । यता सप्तरीको विभिन्न नदी, खोला, नहरहरुमा पानीको बहाव उच्च हुने सम्भावना रहेकोले त्यस भेगका वासिन्दाहरुलाई सतर्कता अपनाउन आग्रह गरिएको छ ।

जिल्लाको खाँडो नदी, त्रियुगा नदी, कोशी नदी, जिता खोला, बलान नदी, महुली खोला, खडक खोला लगायतमा जलसतह बढ्न सक्ने सम्भावना रहेकोमा ती क्षेत्रका वासिन्दालाई आवश्यक सतर्कता अपनाउन स्थानीय प्रशासनले आग्रह समेत गरेको हो ।

यता तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले बिहीबार जस्तै लगातार वर्षा भइरहे कोशी नदीको पानी जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकामा पस्न सक्ने सम्भावना रहेको बताए । उनले खाँडो नदीमा पानीको उच्च वहाव बढेमा तिलाठी कोइलाडी झनै बाढीको चपेटमा पर्न सक्ने जनाउँदै यसका लागि ती क्षेत्रका मानविय बस्तीमा आवश्यक सतर्कता अपनाउन आग्रह गरिसकेको बताए ।

यस्तै कोशी प्रदेशका झापा, सुनसरी, धनकुटा, तेह्रथुम, खोटाङ, ओखलढुङ्गा, उदयपुर, भोजपुर, इलाम, पाँचथर, मोरङलाई उच्च जोखिममा राखिएको छ ।

यस्तै बागमतीका मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप उच्च जोखिममा छन् । गण्डकी प्रदेशको म्याग्दी, बागलुङ, तनहुँ, स्याङ्जा, नवलपरासी पूर्व, कास्की, पर्वत, लमजुङ, गोरखा र मनाङ जिल्ला जोखिममा छन् ।

यस्तै लुम्बिनीका जाजरकोट, रुकुमपश्चिम, दैलेख, सुर्खेत, सल्यान तथा सुदुरपश्चिमको डोटी, कैलाली र अछाम जिल्ला उच्च जोखिममा

***बाँकी अन्तिम पृष्ठमा***

## वडाध्यक्षको हत्या आरोपमा दुई पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, १० असोज ।**

महोत्तरीको रामगोपालपुर नगरपालिका २ का वडाध्यक्ष मुकेशकुमार यादवको हत्या आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्लाकै औरही नगरपालिका-७ बस्ने सञ्जीव झा र दिलीप मण्डल रहेका छन् ।

नेकपा (माओवादी केन्द्र)बाट वडा ध्यक्षमा विजयी भएका मुकेश सवार लु.प्र.०१-००१प.६३६२ नम्बरको मोटरसाइकल गत भदौ ९ गतेका दिन बिहानै जलेश्वर-बर्दिबास सडकखण्डको बर्दिबास नगरपालिका-८ स्थित कल्भर्ट नजिकै दुर्घटना भएको र वडाध्यक्ष यादवको शव कल्भर्टसँगै सडकभन्दा तल फेला परेको थियो ।

घटना शङ्कास्पद रहेको भन्दै नेकपा माओवादी केन्द्रका नेता कार्यकर्ताले घटनाको अनुसन्धान गर्न सिआइबीको माग गरेका थिए । जिल्लादेखि केन्द्रसम्म दबाबमूलक कार्यक्रम गरेपश्चात् मुकेशको हत्या आरोपमा मुकेशकै साथीहरु सञ्जीव र दिलीप पक्राउ परेका हुन् ।

घटनाको अघिल्लो राति सञ्जीव, दिलीप र अन्य दुई महिला साथीहरुले वडाध्यक्ष मुकेशलाई अबेर रातिसम्म बर्दिबासको विभिन्न होटलमा खुवाइपिलाइ गरेको, उनीसँगै अबेर रातिसम्म बसेको र बिहान उनको शव मृतावस्थामा फेला परेका कारण यस घटना शङ्कास्पद रहेको माओवादी केन्द्रले जनाउँदै आएको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारका अनुसार पक्राउ परेकाहरु उपर कर्तव्य ज्यान मुद्दा चलाएर अनुसन्धान अगाडि बढाएको छ । पक्राउ परेका सञ्जीव र दिलीपलाई बुधबारै कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालतबाट म्याद थपगरी आवश्यक अनुसन्धान अगाडि बढाइएको छ ।

## गोली प्रहार गरी श्रीमतीको हत्या

**दैनिक समाचारदाता**
**सर्लाही, १० असोज ।**

सर्लाही जिल्लाको दक्षिण पूर्वी क्षेत्र हरिपूर्वामा बुधबाररराति एक व्यक्तिले गोली प्रहार गरी श्रीमतीको हत्या गरेका छन् ।

बिहीबार राति १ बजे हरिपूर्वा नगरपालिका-५, हरिपूर्वा निवासी अन्दाजी २३ वर्षकी चित्रलेखा यादवको आफ्नै श्रीमान्ले गोली हानी हत्या गरेका छन् । उनीहरुबीच घरायसी विवाद भएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

वैदेशिक रोजगारीमा रहेका श्रीमान्ले गएराति घर आएर श्रीमतीसँग विवाद गरी गोली हानी हत्या गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

घटनामा संलग्न युवकले विवादमा आफ्नै बुवा ५४ वर्षका रामदिनेश यादवलाई पनि गोली हानेर घाइते बनाएका छन् ।

**सभ्य रूपमा चाडपर्व मनाऔं**

- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### वर्षामा सावधानीपूर्वक सवारी चलाऔं

अहिले वर्षाको भइरहेको छ। यस्तो बेला सवारी दुर्घटनामा पर्न सक्ने सम्भावना हुन्छ। दुर्घटना सवारीसाधन ठोकिएर मात्र नभइकन अन्य कुनै माध्यमबाट पनि हुन सक्छ। वर्षा भइरहेको बेला बाटो असाध्य चिप्लो, हिलाम्मे तथा खाल्डाखुल्डोमा परेर सवारी दुर्घटनामा पर्न सक्ने जोखिम पनि उत्तिकै हुन्छ। तर जबसम्म हामी आफै सचेत रहदैनौं तबसम्म दुर्घटनाबाट बच्न सक्दैनौं।

सप्तरी जिल्लामा दिनहुँ जसो दुर्घटना भइरहेको छ। दुर्घटनामा दुई पाङग्रे सवारी बढी दुर्घटना हुने गरेको तथ्याङ्क छ। यसरी सवारी दुर्घटनालाई न्यूनिकरण गर्नका लागि प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रमदेखी सवारी चालकलाई चेतना समेत दिदै आएपनि खासै प्रभावकारी हुन सकिरहेको छैन्। मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हुनु हो। यसका लागि स्वयम युवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ। तर, त्यस्तो गरिएको पाइन्न्।

तसर्थ वर्षाको समयमा सावधानीपूर्वक सवारी चलाउनु नै बुद्धिमानी हुन्छ। यसका लागि सवारीसाधनलाई बिस्तारै चलाएर आफ्नो गन्तव्यतर्फ जान सबैले ध्यान दिनु उत्तिकै जरुरी छ भने सम्बन्धित व्यक्ति तथा सरोकारवाला निकाय पनि यसप्रति सचेत गर्न/गराउन आवश्यक छ।

# चितवनलाई चिनाएको क्यान्सर अस्पताल

चितवन, १० असोज (रासस)।

पूर्वप्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको घाँटीको क्यान्सरका कारण निधन भएको थियो। नेपालमा अस्पताल नहुँदा विदेशमा उपचार गर्नुपर्ने बाध्यता थियो। बिपीका कान्छा भाइ गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा उहाँले चीन भ्रमणका क्रममा त्यहाँका प्रधानमन्त्री ली फङ्गसँगको भेटमा नेपालमा क्यान्सर अस्पताल स्थापनाका लागि आग्रह गर्नुभएको थियो।

तत्कालीन समयमा नेपाली कांग्रेस चितवनका सभापति रहनुभएका टेकप्रसाद गुरुङका अनुसार कोइरालाको आग्रहलाई चिनियाँ प्रधानमन्त्रीले स्वीकार गर्नुभयो र नेपालमा चीनको सहयोगमा एसियाकै नमूना अस्पताल बनाउने अभियान सुरु भयो। विगतलाई सम्झँदै गुरुङले भन्नुभयो, "गिरिजाबाबुलाई गणेशमान जीहरूले धुलिखेलमा क्यान्सर अस्पताल स्थापना गर्न सुझाव दिनुभएको रहेछ।" नेपालमा क्यान्सर अस्पताल स्थापना गर्ने भन्ने सुनेपछि दलबलसहित प्रधानमन्त्री कोइरालालाई भेट्न गुरुङको टोली पुगेको थियो।

सुरुमा धुलिखेलको कुरा कोइरालाले गरेपछि गुरुङको समूहले चितवनमा गर्नुपर्ने र जग्गा व्यवस्थापन गर्न सकिने भनेपछि कोइराला सकारात्मक हुनुभएको थियो। गुरुङले भन्नुभयो, "गिरिजाबाबुलाई टेकप्रसादले पेल्यो अब सकिन्न भन्नुभयो र यहाँ क्यान्सर अस्पताल आयो।" भरतपुरमा बागवानी फार्मको ७५ बिगाहा १० कट्ठा जग्गा रामपुर कृषि क्याम्पसलाई दिइएको थियो। त्यही जग्गा मन्त्रिपरिषद्ले निर्णय उल्ट्याएर क्यान्सर अस्पताललाई दिएको गुरुङ बताउनुहुन्छ।

यसरी स्थापना भएको क्यान्सर अस्पतालले चितवनका मात्रै होइन, देशभ रि र भारत, भूटान, म्यान्मासम्मका बिरामीलाई उपचार सेवा दिँदै आएको छ। गुरुङले भन्नुभयो, "यसले चितवनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चिनाउन मद्दत गरेको छ।" बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल सञ्चालक समितिका अध्यक्ष डा विजयराज न्यौपाने नेपालमै क्यान्सरको उत्कृष्ट उपचारको केन्द्र यो अस्पताल रहेको बताउनुहुन्छ। अस्पतालले उपचार त गरेको छ नै यसले यहाँको आर्थिक क्षेत्रलाई समेत चलायमान बनाएको उहाँ बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "यहाँबाट दैनिक ३०-४० वटा बस देशका विभिन्न सहरमा पुग्ने गर्दछन्।" अस्पताल वरपर १५० हाराहारी होटल रेष्टुरेन्ट चलेका छन् भने ६० हाराहारी औषधि पसल छन्। समग्रमा आर्थिक क्षेत्रलाई चलायमान बनाउने काम पनि अस्पतालले गरेको छ। भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष विजय सुवेदी यहाँ क्यान्सर अस्पताल स्थापना हुँदा न्यून बिरामी भरतपुर अस्पताल र मेडिकल कलेजले उपचार दिने गरेको बताउनुहुन्छ।

उहाँको भनाइमा त्यतिबेला बिरामीको खासै चाप हुँदैनथ्यो। क्यान्सर अस्पताल स्थापना भएसँगै निजी अस्पताल खुलेका, देश र विदेशबाट यहाँ बिरामी उपचार गर्न आउने गरेको उहाँ बताउनुहुन्छ। यो क्यान्सर अस्पतालले स्वदेश र विदेशससम्म चितवनलाई चिनाएको उहाँको भनाइ छ। भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल भरतपुरलाई मेडिकल सिटीका रूपमा विकास गर्न क्यान्सर अस्पतालको महत्वपूर्ण भूमिका रहेको बताउनुहुन्छ। अस्पतालको सञ्चालक समितिमा रहेर सात वर्ष काम गरेको भन्दै उहाँले यहाँ नेपाल र छिमेकी देशबाट बिरामी आउने गरेको बताउनुभयो।

यहाँका अन्य अस्पतालमा आएका बिरामीलाई समेत क्यान्सर आशङ्का भएमा उपचार गर्न पाएको उहाँको भनाइ छ। अस्पतालले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा भरतपुरलाई चिनाएको उहाँ बताउनुहुन्छ। सङ्घीय अस्पताल भए पनि महानगरपालिकाले समेत सहयोग गर्दै आएको भन्दै उहाँले आगामी दिनमा अस्पताललाई प्रतिष्ठानका रूपमा विकास गर्न सके अझै यसको गरिमा बढ्ने बताउनुभयो।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलका अनुसार अस्पतालमा बिरामीको चाप बढ्दै गएको बताउनुहुन्छ। अस्पतालमा आर्थिक वर्ष २०८०/८१ मा एक लाख ८८ हजार ५१४ बिरामीले बहिरङ्ग विभागबाट सेवा लिएका छन्। यो सङ्ख्या आर्थिक वर्ष २०७९/८० मा एक लाख ६६ हजार २०० रहेको थियो। यस्तै, आर्थिक वर्ष २०७८/७९ मा एक लाख ७४ हजार ९३५ रहेको थियो भने आर्थिक वर्ष २०७७/७८ मा एक लाख ३१ हजार ३०५ रहेको थियो।

उहाँका अनुसार सोही अवधिमा अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये नयाँ क्यान्सरका बिरामीको समेत सङ्ख्या बढ्दो रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा छ हजार ७९५ नयाँ क्यान्सरका बिरामी पहिचान भएको उहाँले जानकारी दिनुभयो। आर्थिक वर्ष २०७९/८० मा यो सङ्ख्या छ हजार ४८० रहेको थियो। यस्तै आर्थिक वर्ष २०७८/७९ मा यो सङ्ख्या छ हजार ५३५ रहेको थियो भने आर्थिक वर्ष २०७७/७८ मा यो सङ्ख्या दुई हजार ९७९ रहेको थियो।

अस्पतालको विसं २०५७ मा आजकै दिनबाट सेवा सुरु भएको हो। सुरुमा एक सय शय्याबाट सुरु भएको अस्पतालमा अहिले पाँच सय शय्या छन्। आठ सय ५० जना चिकित्सक तथा कर्मचारी कार्यरत छन्। अस्पतालमा बोनम्यारो प्रत्यारोपण बाहेकका सबै खालका क्यान्सरको उपचार हुँदै आएको छ। बोनम्यारो प्रत्यारोपण युनिट पनि चिनियाँ सरकारको सहयोगमा बन्ने क्रममा रहेको छ। साइक्लोटोनसहितको पेट स्क्यान ल्याउने तयारी गरिएको छ।

# शुक्रबार र शनिबार रात्रिकालीन बस नचलाउन आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, १० असोज।**

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शुक्रबार र शनिबार रात्रिकालीन बस नचलाउन आग्रह गरेको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार बिहीबारदेखि आइतबारसम्म चार दिन भारी वर्षाको जोखिम छ। त्यसैले वर्षाको उच्च जोखिम रहेका हिमाली र पहाडी जिल्लाहरुमा शुक्रबार र शनिबार (११ र १२ गते) रात्रिकालीन बस नचलाउने निर्णय मनसुन पूर्व तयारी तथा प्रतिकार्य कमाण्ड पोष्टले गरेको छ।

साथै धान नकाट्न र काटिसकेको भए तत्काल थन्क्याउन, तराई मधेश क्षेत्रसमा सकेसम्म भुइँतलामा अन्नपात नराख्न समेत प्राधिकरणले आग्रह गरेको अनलाइन खबरमा उल्लेख छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

हनुमाननगर कंकालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सप्तरी

# ‘जनकपुरधाम-अयोध्या रेल्वे सेवा सञ्चालनको प्रक्रिया अन्तिम चरणमा’



धनुषा, १० असोज (रासस)।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले जनकपुरधाम-अयोध्या रेल्वे सेवा सञ्चालनको प्रक्रिया अन्तिम चरणमा रहेको र चाँडै सञ्चालनमा आउने बताउनुभएको छ।

जनकपुरधामको रेल्वे स्टेसनमा बिहीबार पत्रकार सम्मेलन गर्दै मन्त्री दाहालले नेपाल रेल्वेलाई समयसापेक्ष सुविधा सम्पन्न बनाउन र मुनाफामा पुऱ्याउनका लागि नेपाल सरकारले विभिन्न योजना ल्याउन लागेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “नेपाल रेल्वेको विभिन्न स्थानमा वासिङ सेन्टर निर्माणको प्रक्रिया अगाडि बढाइएको छ, वासिङ सेन्टर निर्माणसँगै केही हदसम्म घाटामा कमी आउँछ, आगामी दिनमा कार्गो रेलसेवा समेत सञ्चालन गर्ने हाम्रो तयारी छ।”

घाटामै नेपाल रेल्वे सञ्चालनमा रहँदै आएको समयमा मन्त्री दाहालले नेपाल रेल्वेलाई मुनाफामा लैजान सरकार गम्भीर रहेको बताउनुभयो। निर्माण भएका तथा निर्माणाधीन सडक सञ्जालका साथै नेपाल रेल्वेको निरीक्षणका लागि जनकपुरधाम आइपुग्नुभएका मन्त्री दाहालले नेपालको ‘ड्रिम प्रोजेक्ट’ रेल सेवालाई महोत्तरीको बर्दिबाससम्म सञ्चालन गर्ने प्रयास भइरहेको स्पष्ट पार्नुभयो।

जयनगर-जनकपुर हुँदै महोत्तरीको बिजलपुरा पुग्ने रेललाई बर्दिबाससम्म ल्याउन पहल भइरहेको मन्त्री दाहालको भनाइ थियो। मुआब्जा विवादका कारण बर्दिवाससम्म रेलसेवा सञ्चालनमा ढिलाइ भइरहेको उहाँले बताउनुभयो।

रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले रेल्वेमा कर्मचारी अभाव हटाउन छिट्टै स्थायी कर्मचारी भर्ना गर्ने, स्टेसनहरूको क्षमता विस्तार गर्ने, पूर्वाधार निर्माण गर्ने तथा जनकपुरधामदेखि अयोध्यासम्म रेल सेवा सञ्चालनका लागि तयारी अन्तिम चरणमा रहेको बताउनुभयो।

यसैबीच मन्त्री दाहालले नेपाल रेल्वे सेवा (कम्पनी) को काम कारवाहीको सम्बन्धमा बिहीबारै जनकपुरधाममा स्थलगत निरीक्षण तथा अनुगमन समेत गर्नुभयो। उहाँले जनकपुरधाम रेल्वे स्टेसनमा रेल्वेका महाप्रबन्धक झा लगायतका पदाधिकारीसँग आवश्यक जानकारी लिनुका साथै रेल्वेको विकास निर्माणबारे छलफल गर्नुभयो उहाँले जनकपुरधाम रेल्वे स्टेसनबाट रेल चढेर निरीक्षण गर्दै भारतको जयनगरसम्म पुगेर जानकारी लिनुभएको थियो।

नेपाल रेल्वे कम्पनीले गत आर्थिक वर्ष २०८०/८१ मा रु सात करोड ७५ लाखभन्दा बढी कारोबार गरेको जनाएको छ। गत वर्ष १५ लाखभन्दा बढी यात्रुलाई सवारी सेवा प्रदान गरिएको थियो। भारतीय सीमावर्ती जयनगरदेखि मधेस प्रदेशको राजधानी जनकपुर हुँदै महोत्तरीको भङ्गहासम्म हाल सञ्चालन हुँदै आएको रेलसेवाबाट गत आवमा नौ लाख नेपाली र ६ लाखभन्दा बढी भारतीय नागरिकले सेवा लिएका हुन्।

रेलसेवा सञ्चालन भएदेखि सेवा लिनेहरूको सङ्ख्या बढेको छ। रेल सञ्चालनका लागि आफ्नै कर्मचारी नहुनु अर्थात् भारतीय कर्मचारीलाई महँगो पारिश्रमिक तिर्नुपर्ने बाध्यताले गर्दा रेलसेवा घाटामा गइरहेको महाप्रबन्धक झाले बताउनुभयो। “मालवाहक सेवा नहुँदा रेलको आम्दानी प्रभावित भएको छ”, उहाँले भन्नुभयो।

कुर्थादेखि भारतको जयनगरसम्म ३५ किलोमिटर सडकमा २०७८ चैत २० गतेदेखि रेल सेवा सञ्चालनमा गरिएको थियो। गत असार ३१ गतेदेखि जयनगरदेखि महोत्तरीको भङ्गहासम्म थप १७ किलोमिटर रेलसेवा विस्तार गरियो। दैनिक तीन हजारभन्दा बढी यात्रुले यात्रा गर्ने नेपालको एकमात्र रेल टिकट बिक्रीको पैसाले मात्रै मुनाफामा जान नसक्ने महाप्रबन्धक बताउनुहुन्छ।

रु एक अर्बभन्दा बढीमा खरिद गरिएको डेमो रेलसेवा सञ्चालनमा आएको हो। भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित रेलमा हालसम्म पनि भारतीय कर्मचारीले नै काम गरिरहेका बताइएको छ। हाल यहाँ २० कर्मचारी कार्यरत छन्। प्राविधिक कर्मचारी अभावले भारतीय कर्मचारीको भरमा सेवा सञ्चालन भइरहेको कम्पनीले जनाएको छ।

कर्मचारीको तलब भत्ता, रेलको सरसफाइ र मर्मतसम्भारका लागि नेपाल रेल्वेले भारतीय कम्पनीलाई मासिक ७० लाख भारतीय रुपैयाँ बुझाउँदै आएको छ। पहिलो चरणमा जयनगरदेखि कुर्था ३५ किलोमिटर र दोस्रो चरणमा कुर्थादेखि महोत्तरीको भङ्गहासम्म १७ किलोमिटर क्षेत्रमा रेल सञ्चालनमा छ। तेस्रो चरणमा भङ्गहादेखि बर्दिबास १७ किलोमिटरको खण्डमा रेलसेवा विस्तारका लागि पनि काम सुरु भइसकेको छ।

भारतीय पक्षबाट प्राविधिक कामहरू भइरहेको हुँदा काम सुरु भएको तीन वर्षभित्रै यस खण्डमा रेलसेवा सञ्चालन हुने प्रतिबद्धता व्यक्त गरिएको छ। तिनै चरणको काम सम्पन्न भएपछि ६९ किलोमिटरमा रेलसेवा सञ्चालन हुने छ। सन् २०१० मा नेपाल सरकार र भारत सरकारबीच जयनगरदेखि भङ्गहा, बर्दिबाससम्म रेलसेवा सञ्चालनको सहमति भएको थियो। नेपाल सरकारले जग्गा उपलब्ध गराउने र निर्माणसम्बन्धी सम्पूर्ण कामहरू (ट्र्याक निर्माण, स्टेसन भवन, हल्ट, पुलपुलेसा, खानेपानी, विद्युत्लगायत) का काम भारत सरकारले गर्ने सहमति भएको थियो।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

तिरहुत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी


## विश्व समाचार

### बंगलादेशको परिवर्तनपछि रोहिङ्ग्या शरणार्थी आशावादी

कोक्स बजार, बङ्गलादेश, १० असोज (रासस/एएफपी)।

रोहिङ्ग्या शरणार्थी शोन्जिदाले बङ्गलादेशमा वर्षौंसम्म दुःख र हिंसा सहनुपर्दा आफू निराश हुनुपरेको बताउनुहुन्छ।

गत महिना पूर्वप्रधानमन्त्री शेख हसिना सत्ताच्युत भएपछि बनेको सरकारले उहाँलाई भविष्यका लागि नयाँ आशा जगाएको हो।

राज्यविहीन र उत्पीडनमा परेका मुस्लिम अल्पसङ्ख्यक समुदायका करिब १० लाख सदस्य म्यानमारको आफ्नो मातृभूमिमा भएको हिंसाबाट भागेर बङ्गलादेशी विशाल राहत बसिरहेका छन्।

सन् २०१७ मा म्यान्मारको सेनाको दमनबाट भागेका करिब सात लाख ५० हजार रोहिङ्ग्याका लागि सीमा खुला गरेकोमा अन्तर्राष्ट्रिय समुदायले हसिना प्रशासनको प्रशंसा गरेको थियो। त्यसपछिका वर्षहरूमा शिविरहरूमा व्यापक भ्रष्टाचारले शरणर्थीलाई कुपोषणको शिकार बनाएको छ। यहाँ पटक पटक सशस्त्र आक्रमणका घटना देखा परेका छन्। शिबिरका बासिन्दाले हसिनाको बहिर्गमनले उनीहरूको दुर्दशामा नयाँ ध्यान ल्याउनेमा आशा गरेका छन्।

“हामी र हाम्रा बच्चाहरू रातको समयमा गोलीकाण्डका कारण डरमा बाँचिरहेका छौं,” ४२ वर्षीया शोन्जिदाले एएफपीसँग भन्नुभयो।

शोन्जिदा आफ्नो शिविरमा विद्यालय जाने उमेरका बालबालिकाका लागि स्थापना गरिएका केही अनौपचारिक सिकाइ केन्द्रहरूमध्ये एकमा पढाउनुहुन्छ। यसले उहाँलाई आफ्नो समुदायले सामना गरिरहेका विविध समस्याहरूको बारेमा एक अस्थिर अन्तर्दृष्टि प्रदान गर्छ।

यी केन्द्रहरूले शिविरका परिवारहरूको एक अंशलाई मात्र पूरा गर्न सक्षम छन्। शरणार्थीको हैसियतले उनीहरूलाई बङ्गलादेशी विद्यालय, विश्वविद्यालय र स्थानीय रोजगार बजारबाट टाढा राख्छ।

उहाँका धेरै विद्यार्थी कुपोषित छन् किनभने अन्तर्राष्ट्रिय सहायतामा आएको ह्रासका कारण रासन कटौती हुनुपरेको छ। स्थानीय सञ्चारमाध्यमका अनुसार यस वर्ष अहिलेसम्म भएका झडपमा ६० भन्दा बढी शरणार्थीको मृत्यु भएको र शिविर नियन्त्रणका लागि लडिरहेका प्रतिद्वन्द्वी लडाकू समूहको आवाजले उनीहरू डराएका छन्।

शोन्जिदाले भन्नुभयो, “हामी शान्ति चाहन्छौं र अब गोली नचलोस् र हाम्रा बच्चाहरू अब डराउनु नपरोस् भन्ने चाहन्छौँ।”

“नयाँ सरकार सत्तामा छ, हामी आशा गर्दछौं कि यसले हामीलाई शान्ति, समर्थन, खाना र सुरक्षा प्रदान गर्नेछ।

राजधानी ढाकास्थित हसिनाको दरबारमा हजारौं मानिसले आक्रमण गर्न पुगेको केही क्षणअघि गत महिना विद्यार्थी नेतृत्वको विद्रोहका कारण हसिनालाई सत्ताच्युत गरिएको थियो।

यस आन्दोलनले आफ्ना विरोधीहरूको गैरन्यायिक हत्या, प्रेस प्रतिबन्ध र नागरिक समाजमाथिको दमनले ग्रस्त लामो शासनको पर्दा ढालेको थियो।

म्यान्माबाट भागेका रोहिङ्ग्याहरूलाई स्वागत गर्ने हसिनाको निर्णयले उहाँलाई वासिङ्टन र अन्य पश्चिमी सहयोगीबाट केही कूटनीतिक राहत दिलाएको थियो। अन्यथा, उहाँको कार्यकालमा गरिएका दुर्व्यवहारको बारेमा उनीहरूले नियमित आवाज उठाएका थिए। त्यसपछिका वर्षहरूमा शरणार्थीहरूलाई समायोजित गर्न उहाँको सरकारले गरेको संघर्ष पनि अधिकारवादी समूहहरूको नियमित आलोचनाको विषय बनेको थियो।

शिविरहरूमा भीडभाड कम गर्न कम्तीमा ३६,००० रोहिङ्ग्याहरूलाई पहिले निर्जन र चक्रवात प्रभावित टापु भशान चारमा स्थानान्तरण गरिएको थियो।

त्यहाँ पठाइएकामध्ये धेरैले आफूहरू आफ्नो इच्छाविपरीत जान बाध्य भएको बताएका छन् र एक जना शरणार्थीले ह्युमन राइट्स वाचसँग आफूलाई दिएको नयाँ घरलाई ‘समुद्रको बीचमा रहेको टापुको जेल’ भनी वर्णन गरेका छन्।

शिविरहरूको दयनीय अवस्थाले हजारौँलाई दक्षिणपूर्वी एसियाली देशहरूमा नयाँ शरण खोज्न खतरनाक समुद्री यात्रामा जान उत्प्रेरित गरेको र यस्ता यात्राका कारण थुप्रै समुद्रमा डुबेका छन्।

नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले नयाँ चुनावअघि अन्तरिम सरकारको नेतृत्व गरिरहनुभएको छ र उहाँले गत महिना आफ्नो कार्यकालको सुरुवातमा रोहिङ्ग्या समुदायलाई निरन्तर सहयोग गरिरहने वाचा गर्नुभएको छ।

धेरै शरणार्थीहरूले ८४ वर्षीय युनुसको प्रशासनको प्रारम्भिक हप्ताहरूबाट आफूहरू उत्साहित भएको बताएका छन्।

### जापानमा मृत्युदण्डको सजाय सुनाइएका कैदीलाई आधा शताब्दी भन्दा बढी समयपछि सफाइ

सुजुका, जापान, १० असोज (रासस/एएफपी)।

जापानमा मृत्युदण्डको सजाय सुनाइएका कैदीलाई हत्याको सजाय भोगेको आधा शताब्दीभन्दा बढी समयपछि जापानी अदालतले प्रमाण बनावटी भएको फैसला गर्दै बिहीबार सफाई दिएको छ।

प्रतिकुल स्वास्थ्य अवस्थाले ८८ वर्षीया पूर्व बक्सर इवाओ हाकामादा आफ्नो मुद्दाको फैसला सुन्न अदालतसमक्ष उपस्थित हुन असक्षम हुनुभएको छ। समर्थकहरूले मुद्दा दोहोऱ्याउन गरेको एक दशक लामो अभियानपछि उहाँलाई अदालतले सफाइ दिएको हो।

उहाँको ९१ वर्षीया दिदीले हाकामादालाई निर्दोष घोषणा गर्ने सिजुओका जिल्ला अदालतका न्यायाधीशसमक्ष गहिरो सम्मान व्यक्त गर्नुभएको छ।

हाकामादाले सन् १९६८ मा आफ्नो मालिक, मालिकको श्रीमती र उहाँका दुई बालबालिकाको हत्या गरेको अभियोगमा दोषी ठहर गर्दै मृत्युदण्डको सजाय सुनाइएको थियो।

अनुसन्धानकर्ताले बनावटी प्रमाण सङ्कलन गरेको र मानसिक र शारीरिक पीडा दिएर अमानवीय ढङ्गबाट सोधपुछ गरी बयान दिन बाध्य पारेको र त्यसैको आधारमा उहाँलाई मृत्युदण्डको सजाय दिने फैसला सुनाइएको बिहीबारको फैसलामा उल्लेख छ।

“अभियोजन पक्षले प्रतिवादीको ‘मौन रहने अधिकार’लाई प्रभावकारी रूपमा उल्लङ्घन गरेर उहाँको बयान प्राप्त गरेका थिए,” फैसलामा भनिएको छ। यस मुद्दाको फैसला सुन्न सयौं मानिसहरू बिहान अदालतमा जम्मा भएका थिए।

# निष्पक्ष अनुसन्धानमा सहयोग गर्न आयोगको आग्रह

काठमाडौँ, १० असोज (रासस) ।

राष्ट्रिय मानव अधिकार आयोगले विगत केही दिनदेखि देशमा विकसित विभिन्न घटनाक्रम र त्यसबाट शान्ति सुरक्षा एवं मानव अधिकारको संरक्षणमा पर्नसक्ने प्रतिकूल प्रभावप्रति ध्यानाकर्षण भएको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले बुधबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा कसैले पनि घृणायुक्त अभिव्यक्ति नदिन तथा कानुनको सम्मान गर्दै अनुसन्धान प्रक्रियामा सहयोग गर्नसमेत आयोग सम्बन्धित सबै पक्षलाई आग्रह गरिएको छ ।

"कानुनको कार्यान्वयनमा पूर्वाग्रह भएको, दूराशय राखी पक्राउ गरिएको, पक्राउ गरिएका व्यक्तिप्रति मानवोचित व्यवहार नभएको र स्वास्थ्य उपचारमा पूर्वाग्रही भएकोजस्ता सूचनाहरू आयोगमा प्राप्त भएका छन्", विज्ञप्तिमा भनिएको छ, "प्राप्त सबै सूचनाको आयोगले अनुगमन गरिरहेको छ, पक्राउ र आरोपको पक्षविपक्षमा भएका गतिविधिबाट नागरिकको मानव अधिकार संरक्षण र शान्तिसुरक्षामा प्रभाव परिरहेको देखिएको छ ।"

फौजदारी कसुरमा छानबिन तथा अनुसन्धान गर्ने सन्दर्भमा राज्यकोतर्फबाट हुनसक्ने पूर्वाग्रहपूर्ण व्यवहार र आरोपीकोतर्फबाट प्रचलित कानुनी विधि र प्रक्रियाविपरीत व्यक्त हुने घृणायुक्त अभिव्यक्तिबाट यस प्रकारको अवस्था नआओस् भन्नेतर्फ सबै सचेत रहन आवश्यक भएको आयोगले जनाएको छ ।

फौजदारी मुद्दामा निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान हुनसकेमा मात्र देशमा मानव अधिकार र कानुनी शासनको स्थापना हुन्छ भन्ने कुरामा विवाद हुन नसक्ने आयोगको भनाइ छ ।

आपराधिक घटनाको अनुसन्धानलाई प्रभाव पार्नेगरी कुनै पनि गतिविधि नगर्न नगराउन, नियन्त्रणमा लिएका अभियुक्तको स्वास्थ्योपचारमा विना भेदभाव चिकित्सकीय जिम्मेवारी र कर्तव्य निर्वाह गर्न, आपराधिक घटनाको सुक्ष्म र वैज्ञानिक अनुसन्धानमा जोड दिन सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ ।

## *लगातारको वर्षाले ...*

रहेको जनाइएको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार असोज १० गते बिहीबार दिउँसोदेखि देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशका थोरै स्थानहरू तथा मधेस प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाइएको छ ।

यस्तै असोज ११ गते (शुक्रबार)देखि देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र कोशी प्रदेश, बागमती प्रदेशका, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, सुदूरपश्चिम प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानमा तथा मधेस प्रदेशका थोरै मेघ गर्जन/चट्याङ्गसहित भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाइएको छ ।

असोज १२ गते (शनिबार) देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशका अधिकांश स्थानहरू हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र बागमती प्रदेशका, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानहरू र बाँकी प्रदेशका थोरै स्थानहरूमा मेघ गर्जन/चट्याङ्ग सहित भारीदेखि धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ । साथै देशका लुम्बिनी प्रदेश, गण्डकी प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानहरूमा हावाहुरीको समेत सम्भावना रहेको महाशाखाले जानकारी दिएको छ ।

असोज १३ गते (आइतबार) देशभर आंशिकदेखि साधारणतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित भारी वर्षाको सम्भावना रहेको जनाइएको छ ।

यस्तै महाशाखाले ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्नसक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउनुहुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा अनुरोध गरेका छ । बालीनालीमा क्षति गर्ने भएकाले विशेष सावधानी अपनाउन अनुरोध गरिएको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ । "बङ्गालको खाडीबाट प्रवाह हुने जलवाष्पयुक्त हावा साथै त्यस क्षेत्रमा बनेको न्यूनचापीय प्रणालीको प्रभावको कारण २०८१ असोज १० गते बिहीबार दिउँसोदेखि असोज १३ (आइतबार) सम्म देशभर साधारणतयादेखि पूर्णतया बदली रही अधिकांश स्थानमा मेघ गर्जन/चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षा तथा कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थानहरू तथा मधेस प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ", महाशाखाले जारी गरेको विशेष बुलेटिनमा उल्लेख छ ।

# वीरगञ्जबाट पाँच अर्ब २६ करोडका सामान निर्यात

पर्सा, १० असोज (रासस) ।

वीरगञ्ज भन्सार कार्यालयबाट चालु आर्थिक वर्षको भदौ मसान्तसम्ममा रु पाँच अर्ब २६ करोड ३७ लाख १० हजार मूल्य पर्ने सामान निर्यात भएको छ ।

गत आर्थिक वर्षको सोही अवधिमा रु पाँच अर्ब २९ करोड ३८ लाख २४ हजार मूल्य बराबरको सामान निर्यात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख प्रशासक दीपक लामिछानले रु ४९ करोड ५९ लाख २८ हजार मूल्यपर्ने ६९ लाख ५३ हजार किलोग्राम पिना निर्यात भएको जानकारी दिनुभयो । विगतको तुलनामा पिनाको निर्यातमा वृद्धि भएको छ ।

चालु आवको भदौ मसान्तसम्मको ३३ करोड ३९ लाख सात हजार मूल्य पर्ने १४ लाख ५६ हजार आठ सय चार किलोग्राम सिन्थेटिक यार्न निर्यात भएको छ ।

त्यसैगरी, गत आवको सोही अवधिमा रु २० करोड ३६ लाख ६८ हजार मूल्य पर्ने आठ लाख ३८ हजार एक सय ४० किलोग्राम सिन्थेटिक यार्न निर्यात भएको थियो । चालु आवको भदौसम्म १२ करोड ९३ लाख २८ हजार मूल्य पर्ने १७ लाख नौ हजार एक सय ६० किलोग्राम 'एमएस स्टिल स्ट्रिप' निर्यात भएको छ ।

चालु आवको भदौ मसान्तसम्मको अवधिमा रु ११ करोड ८२ लाख ९९ हजार मूल्य पर्ने ५४ हजार एक सय ८२ वर्गमिटर उनी गलैंचा निर्यात भएको छ । गत आवको तुलनामा चालु आवको सोही अवधिमा उनी गलैंचा कार्पेटको निर्यातमा २० दशमलव ४३ प्रतिशतले गिरावट आएको छ ।

चालु आवको भदौ मसान्तसम्म एक अर्ब २९ करोड तीन लाख ७९ हजार मूल्य पर्ने एक करोड ३६ लाख ४५ हजार आठ सय लिटर जुस जाम निर्यात भएको छ । गत आवको भदौ मसान्तको तुलनामा चालु आवको सोही अवधिमा जुस जामको निर्यात भने पाँच दशमलव ११ प्रतिशतले बढेको छ ।

चालु आवको भदौ मसान्तसम्मको अवधिमा रु ११ करोड ७९ लाख ८४ हजार मूल्य पर्ने ६७ हजार तीन सय ८० किलोग्राम कुकुर वा बिरालोको खाना निर्यात भएको छ ।

# 'रेड नोटिस' जारी गरिएका तीन जनालाई दुबईबाट पक्राउ गरी ल्याइयो

काठमाडौँ, १० असोज (रासस) ।

नेपाल प्रहरीले ठगीसम्बन्धी कसूरको मुद्दा र जबरजस्ती करणी कसूरसम्बन्धी मुद्दामा इन्टरपोलबाट 'रेड नोटिस' जारी भएका तीन जना फरार प्रतिवादीलाई दुबईबाट पक्राउ गरी नेपाल ल्याएको छ ।

यसरी पक्राउ पर्नेमा ठगीसम्बन्धी कसूर मुद्दाका फरार प्रतिवादी पाँचथर मिक्लाजुङ गाउँपालिका-४ ठेगाना भएका ४२ वर्षीया भुपेन्द्र बोहोरा र काठमाडौँ नागार्जुन नगरपालिका-९ बस्ने २८ वर्षीय रियाज भन्ने कबिर बुढाथोकी रहेका प्रहरीले जनाएको छ ।

जबरजस्ती करणी कसूरसम्बन्धी मुद्दाका फरार प्रतिवादी मकवानपुर ईन्द्रसरोवर गाउँपालिका-५ घर भई हाल काठमाडौँ चन्द्रागिरी नगरपालिका-१० बस्ने २६ वर्षीय रोमन कार्की रहेका छन् । उनीहरूलाई सम्बन्धित मुद्दामा कारबाही गर्ने/गराउने प्रयोजनार्थ काठमाडौँ ल्याइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

पक्राउ परेकामध्ये भुपेन्द्र बोहोरालाई अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवं पक्राउ गर्नका लागि नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाटबाट अनुरोध भएपश्चात् इन्टरपोल महासचिवालयबाट विसं २०७९ जेठ १६ गते रेड नोटिस जारी भएको थियो ।

यस्तै काठमाडौँ उपत्यका प्रहरी कार्यालय अपराध अनुसन्धान शाखा रानीपोखरीबाट अनुरोध भएपश्चात् इन्टरपोल महासचिवालयबाट विसं २०७० साउन २४ गते कबिर बुढाथोकी र विसं २०८१ असार १२ गते रोमन कार्की विरुद्ध रेड नोटिस जारी भएको कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो ।

भुपेन्द्रलाई नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोमा तथा कबिर र रोमनलाई जिल्ला प्रहरी परिसर काठमाडौँमा आवश्यक अनुसन्धान एवं कारवाहीका लागि बिहीबार बुझाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

अग्निसाइर कृष्णासवरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*